फोन: ०६१५०६४०४

# मादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## थुमाकोडाँडा, कास्की
## गण्डकी प्रदेश, नेपाल

मादी गाउँपालिका

प.सं २०८१/०८२

## तह वृद्धिका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।

(सूचना प्रकाशित मितिः २०८१/०९/१४)

सूचना नं. ०१/२०८१-०८२ (तहवृद्धि)

प्रस्तुत सूचनामा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ परिच्छेद ५ को दफा २७(१) र (२) बमोजिम तह वृद्धिका लागि यस मादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तथा मातहतका कार्यालयमा स्थानीय सेवाको स्थायी सेवामा कार्यरत कर्मचारीहरुले दफा २७ मा रहेको तह वृद्धि सम्बन्धी व्यवस्था बमोजिम सम्भाव्य उम्मेदवार हुन योग्य, दफा ३१ बमोजिम सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको र दफा ४२ बमोजिम नकारात्मक सूचीमा नपरेका कर्मचारीहरुले सम्बन्धित सेवा, समूह, उप समूह भित्र तह वृद्धिका लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को अनुसूची १५ बमोजिमको तहवृद्धि आवेदन फाराम २ (दुई) प्रति (नेपाली कागजमा) भरी १५ (पन्ध्र) दिन भित्र तपसिल बमोजिमको कागजात सहित प्रशासन शाखामा पेश गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

१. रितपुर्वकको निवेदन ।

२. सुरु नियुक्ति पत्र ।

३. सरुवा तथा रमानाको प्रतिलिपि (सरुवा भई आएको कर्मचारीको लागि) ।

४. समायोजन पत्र (कर्मचारी समायोजन ऐन २०७५ बमोजिम समायोजन भएका कर्मचारीहरुको लागि) ।

५. बढुवा/तह मिलान/तहवृद्धि भएको भए सो पत्रको प्रतिलिपि) ।

६. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।

७. पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्यांकन ।

८. नकरात्मक सूचीमा नपरेको स्व-घोषणा पत्र ।

२०८१।९।१४

.......................................

कमल प्रसाद गौतम

प्रमुख प्रशासकीय अधिकृत